# गुलरिया नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गुलरिया, बर्दिया
५ नं. प्रदेश

## आन्तरिक आय तर्फको नदीजन्य पदार्थ (बालुवा) संकलन/उत्खनन् तथा बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५।०८।०७**

स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ उपदफा २ घ को (६) ,दफा ६४ उपदफा १ (च), ५ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७५ को दफा ८ (१) र सो संग सम्बन्धित अनुसूची ६, प्रदेश नं. ५ को नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ र गु.न.पा.को स्वीकृति प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा व्यवस्था भए अनुसार देहाय बमोजिमको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त कार्य तपसिलमा उल्लेखित न्यूनतम ठेक अंकमा नघटने गरी आ.व.०७५/०७६ जेष्ठ मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक व्यक्ति, दर्तावाला फर्म, संस्था वा कम्पनीबाट सिलबन्दी बोलपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र तपसिलमा उल्लेखित कानूनी प्रकृया पुरा गरेका ईच्छुक व्यक्ति योग्य फर्महरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७४।०७५ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### तपसिल

| आय ठेक्का नं. | नदी तथा खोलाको विवरण | प्रारम्भिक वातावरणीय मूल्यांकन अनुसार उत्खनन् गरिने घाटको विवरण | संकलन र बिक्री गर्न पाउने पाउने अधिकत्तम परिमाण (क्यू.फि.) | बिक्री र निकासी प्रति क्यू फिट | न्यूनतम ठेक अंक, सेवा शुल्क, आय कर ,मूल्य अभिबृद्धि कर (भ्याट बाहेकको रकम) | धरौटी रकम | बोलपत्र रकम |
|---|---|---|---|---|---|---|---|
| २०७५।०७६/१ | बबई नदी | गुरुवागाउँ घाट | १,५८७,६००। | रु.६।- | ८,५२५,६००/- | कबोल अंकको ५% | ३,०००।- |

**शर्तहरुः**

**गुरुवागाउँ घाटबाट उत्खनन् गर्न पाउने परिमाण**

| लम्बाई (मि.) | चौडाई (मि.) | क्षेत्रफल | गहिराई (मि.) | उत्खनन् गर्न सकिने परिमाण (६ महिनाको लागि) |
|---|---|---|---|---|
| ६५० मिटर | २०० मिटर | १३०,०००। | १.५ मिटर | १,५८७,६०० क्यु.फिट |

१.) बोलपत्र फाराम सूचना प्रकाशन भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र तोकिएको शुल्क पछि फिर्ता नहुने गरी बुझाई राजश्व शाखाबाट खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु सिलबन्दी गरी १६

प्रमुख प्रशासकिय अधिकृत

औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्र वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो दिनपछि कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ ।

२.) बोलपत्र खरिद गर्दा निवेदन सहित फर्म वा संस्थाहरुले व्यवसाय दर्ता/ नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मूल्य अभिबृद्धि करको प्रमाणपत्र र आ.व.०७४।०७५ को कर चुक्ता प्रमाणपत्र व्यक्तिको हकमा नागिरकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्ने छ ।

३.) बोलपत्र फाराम पेश गर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट लेखी कबुल अंकको ५% ले हुने आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक स्थित धरौटी खाता नं.४१४०३०३००७१०५ मा जम्मा गरेको सक्कल भौचर वा बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्टबैंकबाट मान्यता प्राप्त "क" बर्गको बाणिज्य बैंकको जमानी पत्र (बैंक ग्यारेन्टी) सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ । कबोल गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको रकमलाई मान्यता दिईनेछ ।

४.) नेपाल सरकारको प्रचलित कानून बमोजिम लाग्ने आयकर, मूल्यअभिबृद्धि कर तथा शुल्कहरु बोलपत्रदाता स्वयंले सम्झौता गर्दाका वखत तिर्नुपर्नेछ । कार्यालयमा बुझाउनु पर्ने सम्पूर्ण रकम र कर समेत बुझाई सकेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ ।

५.) आ.व.०७५।०७६ को लागि कर संकलन मिति सम्झौतामा उल्लेख भए बमोजिम २०७६ जेष्ठ मसान्तसम्म हुनेछ ।

६.) बोलपत्र स्वीकृति भई सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा वा माफि दिईनेछैन ।

७.) बोलपत्रदाताको कबोल रकमलाई २ किस्ता कायम गरिनेछ । पहिलो किस्ता वापत कूल कबोल अंकको ५०% हुन आउने रकम सम्झौता हुनु अगावै बुझाउनुपर्नेछ र बांकी ५०% रकमको मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ६ महिना जेष्ठ मसान्तसम्म म्याद भएको बैंक जमानी पत्र पेश गर्नुपर्नेछ र बांकी ५०% रकम चैत्र मसान्तभित्र बुझाई चुक्ता गर्नुपर्नेछ । तोकिएको म्याद भित्र नबुझाएमा ठेक्का तोडी बांकी रहेको किस्ता रकम बैंक ग्यारेन्टीबाट असुल उपर गर्ने गरी कानूनी प्रकृया अपनाईनेछ । त्यस्तो असुल गर्नुपर्ने रकममा १०% थप क्षतिपूर्ति जोडी सरकारी बांकी सरह असुल उपर गरिनेछ । कूल कबोल अंकको एकमुष्ट रकम सम्झौताको समयमा नै अग्रिम बुझाएमा औचित्य हेरी कबुल अंकको १०% सम्म छुट दिईने छ ।

८.) बोलपत्र फारममा मूल्यअभिबृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ। म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

९.) यस नगरपालिकाको छाप वा कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिईनेछैन ।

१०.) यो सूचनामा उल्लेखित कुरा यसै सूचना अनुसार हुनेछ, सूचनामा नभएकाको हकमा प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४,प्रदेश ५ को आर्थिक ऐन २०७५ ,नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५, गुलरिया नगरपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण २०७५ मा उल्लेख भए अनुसार हुनेछ ।

११.) यस नगरपालिकाको हितमा ध्यानमा राखी बोलपत्र स्वीकृति गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृति गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२.) यस सम्बन्धी विस्तृत जानकारी गुलरिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय र यस कार्यालयको Website: www.gulariyamun.gov.np र mobile App बाट जानकारी प्राप्त गर्न सकिनेछ ।

..........................................................

(रामचन्द्र पौडेल)
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत